**कोरोना भाइरसको सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख २१ गते**

कोरोना भाइरस सङ्क्रमण पहिचान गर्नको लागि हालसम्म यस प्रदेशमा आरडीटी विधिबाट ८ हजार ६ सय १० ओटाको नमूना स्वास्थ्य परीक्षण गरिएकोमा १८ ओटा पोजेटिभ देखिएको छ । १८ ओटा आरडीटी पोजेटिभ मध्ये चार ओटा पीसीआर पोजेटिभ र १४ ओटा नेगेटिभ आएको छ । हालसम्म जम्मा २ हजार २ सय १५ ओटा नमूना पीसीआर विधिबाट परीक्षण भएकोमा सात ओटामा पीसीआर पोजेटिभ देखिएको छ ।

वैशाख २१ गते हेटौंडामा रहेको कोरोना परीक्षण प्रयोगशालामा १४ ओटा नमूना प्राप्त भएको थियो जसमा एउटा रिपोर्टको नतिजामा पीसीआर पोजेटिभ आएको छ ।

हालसम्म देशमा क्वारेण्टाइनमा रहेकाको सङ्ख्या २१ हजार ९ सय ५१ जना रहेको छ । जसमध्य यस प्रदेशमा ३ हजार ९ सय ९२ ओटा क्वारेण्टाइन रहेका छन् । प्रदेशमा वैशाख २१ गतेसम्म ९ सय ४८ शैयाको आइसोलेशन रहेकोमा पाँच ओटामा बिरामी रहेका छन् ।

कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणको लागि प्रदेश सरकारले अस्पतालको भौतिक पूर्वाधारलाई बलियो बनाउनेदेखि स्वास्थ्यकर्मीहरूको व्यवस्थापनमा उच्च प्राथमिकता दिँदै आएको छ ।

ठूला केन्द्रीय अस्पताल र प्रयोगशाला आफ्नै प्रदेशमा रहेका कारण पनि कोरोनाको सङ्क्रमण नियन्त्रणको लागि लड्न बल पुगेको देखिन्छ । काठमाडौँमा गरिने उपचार र परीक्षणलगायतका काम सङ्घीय सरकारबाटै भइरहेकाले प्रदेशलाई सजिलो भएको छ ।

तर, प्रदेश सरकार सङ्घकै तयारीमा निर्भर नरहेको प्रदेश सरकारले जनाएको छ । काठमाडौं बाहिर भरतपुरमा कोभिड अस्पताल सञ्चालनका लागि प्रदेशले १ करोड रुपियाँ सहयोग गरेको छ ।

प्रदेश सरकारले काठमाडौं विश्वविद्यालय मातहतको धुलिखेल अस्पताललाई कोभिड उपचारमा सक्रिय पार्न २० लाख रुपियाँ र चितवनको रत्ननगरस्थित अस्पताललाई २० लाख रुपियाँ सहयोग रहेको सामाजिक विकासमन्त्री युवराज दुलालले बताउँनु भयो ।

प्रदेश मातहतका आठ जिल्ला र स्थानीय तहअन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्रलाई कोरोनाकै उपचारका लागि प्रदेशले ८ करोड रुपियाँ विनियोजन गरेको छ ।

आईसीयू शैया नरहेका हेटौँडामा १० तथा भक्तपुर र सिन्धुलीका अस्पतालमा पाँच/पाँच ओटा आईसीयू शैया प्रदेशले तयार पारेको छ । भक्तपुरमा तीन र हेटौँडामा दुई ओटा भेन्टिलेटर पनि जडान गरिएका छन् ।

सामाजिक विकास मन्त्रालयको तथ्याङ्क अनुसार काठमाडौं, भक्तपुर, धादिङ, रसुवा, नुवाकोट, चितवन, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, काभ्रे र दोलखामा तयारी पारिएका आइसोलेशन वार्ड सबै खाली छन् । ती आइसोलेशन वार्डमा कोही बिरामी नभएको मन्त्रालयले जनाएको छ ।

प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेल र सभामुख सानुकुमार श्रेष्ठबीच भौतिक दुरी कायम गरेर संसद सञ्चालन गर्ने विषयमा छलफल गरिएको छ । कोरोना भाइरस सङ्क्रमणको जोखिम कम गरी प्रदेश सभा सदस्यहरूलाई बस्ने व्यवस्था गरिने सभामुख श्रेष्ठले जानकारी गराउनुभयो ।

बजेट ल्याउने समय भएकोले प्रदेश सभा आह्वान गर्न जरुरी रहेकोले संसद बोलाउने तयारी स्वरुप भवनको निरीक्षण गरिएको मुख्यमन्त्री पौडेलले जानकारी दिनुभयो । सभामुख श्रेष्ठले जेठको पहिलो हप्तासम्म प्रदेश सभा बोलाउने तयारी भइरहेको बताउनु भयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार जिल्लामा हालसम्म ५ सय ४६ जनाको आरडीटि परीक्षण गरिएको छ । जसमा ४ सय ३२ जना पुरुष र १ सय १४ जना महिला रहेका छन् । उनीहरूको स्वास्थ्य प्रतिवेदन नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ ।

कोरोना भाइरस (कोभिड १९) प्रतिकार्यको लागि नौ ओटै स्थानीय तह, सिन्धुली अस्पताल र अन्य स्वास्थ्य प्रदायक संस्थाहरूलाई प्रदान गर्ने गरी प्लान नेपालको सहयोगमा नेपाल रेडक्रस सोसाईटी

लगायतका साझेदार संस्थाहरूले जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी योगेन्द्रप्रसाद पाण्डेलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका छन् ।
७ लाख ७१ हजार २३ रुपियाँ बराबरको सामग्री हस्तान्तरण गरिएको नेपाल रेडक्रस सोसाईटी सिन्धुलीका सभापति अशोक श्रेष्ठले बताउनु भयो ।
कमलामाई नगरपालिकाको शिक्षा शाखाको पहलमा नगरपालिकाका सरकारी विद्यालयका नयाँ शैक्षिक सत्रको कक्षा १ देखि १० कक्षासम्मको पाठ्यपुस्तक जिल्लामा आइसकेको जनाएको छ । पाठ्यपुस्तक वितरणका लागि विद्यालयहरूलाई अनुरोध गरिएको छ । लकडाउनको पालना गर्दै आफ्ना विद्यालयका विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्न विद्यालयले तयारी थालेका छ ।
लकडाउनका कारण खाद्य समस्यामा परेका अनाथ बालबालिकालाई कमलामाई नगरपालिकाले राहत उपलब्ध गराएको छ । इन्सेक जिल्ला प्रतिनिधि बिमला पाण्डेले गरेको अनुगमनपछि अनाथालयका बालबालिका खाद्यान्न सङ्कटको अवस्थामा पुगेको पाइएपछि कमलामाई नगरपालिकाका मेयर खड्ग खत्रीलाई बालबालिकालाई सहयोग गर्न पहल गर्नु भएको थियो ।
सिन्धुली जिल्ला प्रतिनिधि पाण्डेको अनुरोधलाई स्वीकार गरी मेयर खत्री वैशाख २१ गते शैलशिखर अनाथालय कमलामाई नगरपालिका-४ मा पुगेर खाद्यान्न सहयोग गर्नु भएको हो ।
उहाँले नगरपालिकाको तर्फबाट ४० किलो चामल, ६ किलो दाल, २ लिटर तेल, २ किलो आयो नुन र २ ओटा साबुन अनाथालयका सञ्चालक विष्णुप्रसाद देवकोटालाई उपलब्ध गराउनु भयो । उक्त अनाथालयमा १० जना बालबालिका रहेका छन् । उनीहरूको लालनपालन र शिक्षाको व्यवस्था अनाथालय र संस्थागत तथा व्यक्तिगत सहयोगमा चलिरहेको छ ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार लकडाउनको समयमा सवारी चलाएको भन्दै वैशाख २१ गते चितवन प्रहरीले ३८ ओटा सवारी नियन्त्रणमा लिइएको छ ।
जिल्लामा ३ सय वेड क्वारेण्टाइन रहेकोमा २९ जना क्वारेण्टाइमा रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । लकडाउनको समयमा बजारमा खाद्यवस्तुमा मुल्यवृद्धि भएको गुनासो आएपछि आफूहरूले बजार अनुगमनको कामलाई तिव्रता दिएको प्रमुख जिल्ला अधिकारी नारायणपसाद भट्टले बताउनु भयो ।
त्यस्तै लकडाउनको समयमा मानिसलाई मात्र नभइ देवघाट क्षेत्रमा बाँदर र गाईवस्तु समेत भोको रहेको समाचार पाएपछि केही व्यक्तिहरूले देवघाट वागेश्वरी क्षेत्रमा गाई वस्तु र बाँदरका लागि समेत आहारा बाँडेका छन् ।
भरतपुर अस्पतालबाट वैशाख २० गते १२ ओटा नमूना सङ्कलन गरी कोरोना परीक्षणका लागि पठाइएकोमा सबै नेगेटिभ रिर्पोट आएको अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनु भयो ।
त्यस्तै कोरोना सङ्क्रमण पीसीआरमा समेत पोजेटिभ देखिएकी राप्ती नगरपालिकाकी महिलाको वैशाख २० गते पुनः स्वाब परीक्षणका लागि पठाइएको छ । किट अभावका कारण सबैजसो परीक्षण हाल हेटौँडामा हुने गरेको छ। भरतपुर अस्पतालमा आठ जना आइसोलेशन वार्डमा रहेका छन् ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार भोटेकोशी गाउँपालिका स्थित झिर्पु माविमा सञ्चालन भएको १० बेडको क्वारेण्टाइन वैशाख २१ गतेबाट बन्द गराइएको छ ।
मापदण्ड विपरित भएको भन्दै सो क्वारेण्टाइन बन्द गराइएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी बावुराम खनालले बताउनु भयो ।
उहाँको नेतृत्वमा गएको जिल्ला स्तरिय अनुगमन समितिले अनुगमन गर्दा सो केन्द्रमा कोरोना भाइरस सङ्क्रमित राख्न उचित नभएको, मापदण्ड विपरित भएको भन्दै बन्द गराएको हो ।

भूकम्पले चर्काएको विद्यालयमा क्वाराइण्टाइन केन्द्र तयार पारिएको थियो । तर हालसम्म यहाँ शङ्काष्पद सङ्क्रमित कोही नराखिएको भोटेकोशी गाउँपालिका अध्यक्ष राजकुमार पौड्यालले बताउनु भयो ।
चौतारा साँगाचोकगढी नगरपालिका-११ ले आफ्ना वडामा रहेका ९६ जना दीर्घरोगी बिरामीहरूलाई निशुल्क औषधि वितरण गरेको छ । बन्दाबन्दी (लकडाउन) को कारणले औषधि किन्न नपाएका तर दैनिक सेवन गर्नुपर्ने प्रेसर, सुगर, दम, मुटुरोग र इन्जुइलिन रोगका बिरामीहरूलाई एक महिनाको लागी निःशुल्क औषधि वितरण गरेको साँगाचोक स्वास्थ्य चौकीका इन्चार्ज केदार दुलालले बताउनु भयो ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार लकडाउनको मौकामा पसलेहरूले बढी मूल्य लिएको गुनासो आएपछि बजार अनुगमन गरिएको छ । नेत्रावती डबजोङ गाउँपालिकाले खाद्य तथा औषधि पसलहरूमा गाउँपालिका अध्यक्ष समेतको सहभागितामा अनुगमन गरिएको छ ।
गाउँपालिका भित्रका खाद्य पसल, मेडिकल र किराना पसलको छड्के अनुगमन गरिएको नेत्रावती डबजोङ गाउँपालिकाका अध्यक्ष दुर्गाकुमार शाक्यले बताउनु भयो । चरङ्गे, कटुञ्जे, सेल्ले, टोड्केका खाद्य पसल, किराना पसल र मेडिकलको अनुगमन गरिएको हो । बजार अनुगमनको क्रममा विशेष गरी पेय पदार्थ, मेडिकलका औषधिहरू,जुस, हर्लिक्स,विस्कुट र चाउचाउहरूको म्याद गुज्रेको अवस्थामा भेटिएकोले यस्ता सामग्री नष्ट गरिएको नेत्रावती डबजोङ गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्यामकृष्ण पौडेलले बताउनु भयो ।
धुनिवेशी नगरपालिका भित्र रहेका इँटा उद्योगहरूको अनुगमन गरिएको छ । अनुगमन क्रममा इँटा व्यवसायीहरूले नगरपालिकाको निर्देशन पालना गरेको भेटिएको छ ।
लकडाउनका क्रममा मजदुरहरूलाई खाना बस्ने व्यवस्था, औषध उपचारमा ध्यान दिन इट्टा उद्योगीलाई नगरपालिकाले निर्देशन दिएको थियो । नगरपालिकाले दिएको निर्देशन पालना गरे नगरेको भन्दै अनुगमन गरिएको धुनिबेशी नगरपालिकाका उपप्रमुख निरु खरेलले बताउनु भयो ।
अनुगमनका क्रममा उद्योगमा कार्यरत मजदुरहरूले इँट्टा उद्योगीले लकडाउन अवधिभर सित्तैमा खाना खुवाउन व्यवस्था गर्नु पर्ने माग राखेको उपप्रमुख खरेलले बताउनु भयो ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार तामाकोसी गाउँपालिकालेले नियमित औषधि सेवन गर्ने बिरामीहरू को नामावली सङ्कलन सुरु छ ।
गाउँपालिकाले लकडाउनका कारण औषधि सेवन गर्न असुविधा हुने भएकोले निशुल्क औषधि वितरण गर्ने व्यवस्था गरिएको गाउँपालिकामा स्वास्थ्य प्रमुख अरुण मिश्रले बताउनु भयो ।
तामाकोसी गाउँपालिकालेले नियमित औषधि सेवन गर्ने बिरामीहरूको नामावली सङ्कलन सुरु गरेको छ । गाउँपालिकालेले लकडाउनका कारण औषधि सेवन गर्न असुविधा हुने भएकोले निःशुल्क औषधि वितरण गर्ने व्यवस्था गरिएको गाउँपालिकामा स्वास्थ्य प्रमुख अरुण मिश्रले बताउनु भयो ।
लकडाउनको अवधिमा दोलखामा विकास निर्माण कामलाई निरन्तरता दिइएको छ । लकडाउनकै बीच खाडीचौर-जिरी सडकअन्तर्गत चर्नावती खोलामा निर्माणाधीन पुलको आरसीसी ढलान सम्पन्न भएको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख २१ गते नौ जना शङ्काष्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ । जसमा चार पुरुष र पाँच महिलाको स्वाब सङ्कलन गरी टेकुस्थित राष्ट्रिय प्रयोगशालामा पठाएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो ।

अस्पतालले हालसम्म ५ सय ५६ जनाको कोरोना परीक्षण गरेकोमा नौ जनाको रिपोर्ट आउन बाँकी रहेको र अरु सबैको रिपोर्ट नेगेटिभ आएको उहाँले जानकारी दिनुभयो ।
जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिजारले भक्तपुर अस्पताल र जिल्लाको चारओटै नगरपालिका भित्रका अस्पताल एवम् स्वास्थ्य संस्थाबाट नियमित खोप सेवा सुरु भएको जानकारी दिनुभयो ।
उहाँले केही वडामा रोकिएको दादुरा-रुबेलाको खोप पनि सुचारु गर्ने तयारी भइरहेको बताउदै जिल्लामा वार्षिक ३५ हजार बालिबालिकाले खोप सेवा लिने गरेको जानकारी दिनुभयो ।
नेपाल यातायात स्वतन्त्र मजदुर भक्तपुर मिनीबस ईकाईले लकडाउनको समयमा रोजगार विहीन भएका यातायात मजदुरहरूलाई राहत वितरण गरेको छ । ख्वप भक्तपुर मिनिबस यातायात प्रालिसँगको सहकार्यमा ५० जना चालक र सहचालकहरूलाई खाद्यान्न राहत वितरण गरेको हो ।
भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर अस्पतालको अनुगमन निरीक्षण गर्नुभएको छ । उहाँले विश्वभर फैलिएको कोभिड-१९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रणमा भक्तपुर अस्पतालले गरिरहेको कार्यको अवस्थाको बारेमा जानकारी लिनुभयो ।
भक्तपुरमा धानको बीउ अभाव भएको छ । लकडाउनको कारण बजारमा पर्याप्त मात्रामा धानको बीउ नआउँदा अभाव भएको हो । यहाँका बजारमा स्थानीय टाइचिन धानको मात्रै बीउ उपलब्ध रहेको तर चिनियाँ हाइब्रिड धान लगाउने किसानले धानको बिउ नपाएको बताएका छन् ।
जिल्ला कृषि ज्ञान केन्द्रको तथ्याङ्क अनुसार भक्तपुरमा कूल ४ हजार ३ सय ४८ हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ । उक्त क्षेत्रफलमा धान खेती गर्न भक्तपुरका किसानलाई करिब २० टन धानको बीउ आवश्यक पर्ने केन्द्रले जनाएको छ ।
जसमा करिब १२ टन चिनियाँ हाइब्रिड धानको बीउ खपत हुँदै आएको यहाँका बीउ व्यवसायीहरू बताउँछन् । भक्तपुरमा चिनियाँ हाइब्रिडतर्फ डीवाई २८ नामको मोटो बासमती, डीवाई ६८ नामको मसिनो मन्सुली र डीवाई ६९ नामको लोकल टाइचिन जस्तो धानको बीउ सर्वाधिक प्रयोग हुँदै आएको छ ।
भक्तपुरका १२ जना एचआईभी सङ्क्रमित १२ वर्षमुनिका बालबालिकालाई दुई महिनाका लागि राहतस्वरुप खाद्यान्न तथा पोषण वितरण गरिएको छ । राष्ट्रिय एचआईभी तथा एड्स महासङ्घ नेपाल (एनएपीएन) ले उक्त राहत उपलब्ध गराएको हो ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार नुवाकोटमा स्थानीय तहले बनाएको क्वारेण्टाइनमा दुई जना रहेका छन् । होम क्वारेण्टाइनमा १ हजार ३ सय ३२ जना रहेका छन् ।
नेपाल पत्रकार महासंघ नुवाकोटको प्रदेश कमिटिबाट प्राप्त स्यानिटाइजर, मास्क, पञ्जा लगायत सामग्री २५ जना पत्रकारहरूलाई वितरण गरेको छ ।
यशोदेवी भगवान सिंह मेमोरियल ट्रष्टले जिल्लाका १० ओटा गाउँपालिकाहरूलाई एक/एक ओटा ज्वरो नाप्ने थर्मल गन प्रदान गरेको छ । प्रति स्थानीय तहको लागि १ हजार थान मास्क, ४० थान सेनिटाइजर प्रदान गरिएको छ । गाउँपालिकाका अध्यक्षहरूलाई संस्थाका संरक्षक तथा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले वितरण गर्नुभयो ।
नेकपा नुवाकोटले सूर्यगढी गाउँपालिका र लिखु गाउँपालिकालाई स्वास्थ्य सामग्री प्रदान गरेको छ ।
विदुर नगरपालिका-१२ ले कोरोना र अन्य विपदको सामना गर्न स्थापना गरेको विपद व्यवस्थापन राहत कोषमा स्थानीय उपिन्द्र खड्काले ३ लाख रुपियाँ सहयोग प्रदान गर्नु भएको छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार ललितपुर महानगरपालिकाले परिचालन गरेको स्वयम् सेवकहरूले अनावश्यक रुपमा हिँडडुल गर्नेलाई अबदेखि हिँडडुल नगर्न सम्झाउने कामलाई निरन्तरता दिएका छन् ।

लकडाउनको उल्लङ्घन गरेको आरोपमा वैशाख २१ गते २ सय ३ जनालाई महानगरीय प्रहरी कार्यालयले कारबाही स्वरुप कोभिड-१९ को बारेमा २ घण्टे कक्षामा राखेर घर पठाएको छ ।
कोभिड-१९ को शङ्कामा वैशाख २१ गते दुई जनालाई अस्पताल भर्ना गरी उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
गोदावरी नगरपालिका क्षेत्रभित्र सञ्चालित सात ओटा एम्बुलेन्समार्फत २०७६ चैत १२ गतेदेखि वैशाख २० गतेसम्म १ हजार ७ सय ९३ जना बिरामीलाई निःशुल्क सेवा दिइएको छ ।
ललितपुर महानगरपालिकाले दैनिकरुपमा खानाको व्यवस्था नभएकाहरूलाई सामूहिक खाना खुवाउने व्यवस्था गर्दै आएको छ ।
महालक्ष्मी नगरपालिकाले पहिलेको राहातको खाद्य सामग्री सकिएका वा खाद्य समस्या भएका नयाँ व्यक्तिका लागि पनि वडाका जनप्रतिनिधिमार्फत अनुगमन सहित स्थलगत रुपमै राहत वितरणको व्यवस्था गरेको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछाप जिल्लामा लकडाउनको बेलामा काठमाडौँबाट गाउँ फर्किएकाहरूलाई पनि क्वारेण्टाइनमा राख्न सुरु गरिएको छ ।
वैशाख २१ गते जिल्लाको दोरम्बा गाउँपालिकामा वैशाख ५ गते काठमाडौँबाट आएका नौ जना र उमाकुण्ड गाउँपालिकलामा भारतलगायत विभिन्न देश तथा काठमाडौँबाट आएका २१ जनालाई क्वारेण्टाइनमा राखिएको जिल्ला अस्पताल रामेछापका निमित्त प्रमुख जितेन्द्र कर्णले जानकारी दिनुभयो ।
जिल्लामा स्थानीय तहहरूले राहात वितरणको लागि तथ्याङ्क सङ्कलनको काम गरेका भए पनि राहात वितरण भने गरेका छैनन् ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार पाँचखाल नगरपालिकाले कक्षा १० मा पुगेको नयाँ र एसईई परीक्षा दिने विद्यार्थीलाई लक्षित गरेर अनलाइन मार्फत पढाउन सुरु गरेको छ ।
नगरपालिकाले वैशाख २१ देखि अनलाइन मार्फत पढाउन सुरु गरेको नगरपालिकाका प्रेस सल्लाहकार कपिल कोइरालाले जानकारी दिनुभयो ।
कोइरालाका अनुसार एसईई परीक्षा दिने र कक्षा १० मा पुगेका नयाँ विद्यार्थीहरूका लागि गणित, विज्ञान, अङ्ग्रेजी र सामाजिक विषयको पठनपाठन रेडियो र भिडियो सामग्री उत्पादन गरी पढाउन सुरु गरेको हो ।
जिल्लाका तीन ओटा एफएमबाट कक्ष सञ्चालन गरिने प्रेस सल्लाहकार कोइरालाले बताउनुभयो । यो वर्ष नगरपालिकाबाट ६ सय ५५ जना विद्यार्थी एसईई सहभागी हुदैंछन् । त्यस्तै कक्षा १० नयाँ विद्यार्थी ७ सय ६ जना रहेका छन् ।
काभ्रेको नमोबुद्ध नगरपालिकाले नगर भित्रका बिपन्न र दैनिक ज्यालामजदुरी गर्ने परिबारलाई राहत सामग्री वितरण गरेको छ ।
११ ओटै वडाका ५ सय ८० बिपन्न र दैनिक ज्यालामजदुरी गर्ने परिवारलाई खाद्यान्न वितरण गरेको नगरपालिकाका प्रवक्ता सञ्जिव ढकालले जानकारी दिनुभयो ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार विश्वव्यापी महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरसका सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको छ ।
वैशाख २१ गते स्वास्थ्य विभिन्न जिल्लामा थप १६ जनामा कोरोना सङ्क्रमण पोजेटिभ फेला परेसँगै नेपालमा सङ्क्रमितको सङ्ख्या ७५ पुगेको छ ।
काठमाडौँ महानगरपालिकाले वैशाख २१ गते ७ सय जनालाई राहत वितरण गरेको छ । साथै नगरपालकाका विभिन्न ६ ठाउँबाट सामाजिक दुरी काम गर्दै सामुहिक खाना खुवाइएको छ ।

जसमा दैनिक १ हजार २ सयभन्दा बढीले खाना खाने गरेका छन् । कोरना सङ्क्रमण नफैलियोस भन्नका लागि एक मिटर दुरी बनाई पालैपालो खाना खुवाइने समेत नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले जानकारी दिनुभयो ।
बुढानिलकण्ठ नगरपालिकाले पनि सामुहिक खाना खुवाउँदै आएको छ । दैनिक ४ हजार मानिसलाई उनीहरूको घर घरमा नै पुर्‍याउँदै खाना बाड्ने काम गर्दै आएको नगरपालिकाका प्रमुख उद्धवप्रसाद खलेलले बताउनुभयो ।
लकडाउन उल्लङ्घनका कारण वैशाख २१ गते मात्रै काठमाडौँमा मात्रै दुई पाङ्ग्रे सवारी ६ सय ४ ओटा र ४२ ओटा चार पाङ्ग्रे सवारीलाई कारबाही गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता जीवनकुमार श्रेष्ठले जानकारी दिनु भएको छ ।
यता सडकमा विनाकाम हिड्ने १ हजार २ सय जनालाई कारबाही गरिएको महानगरीय प्रहरी परिसरका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिनुभयो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार लकडाउन उल्लङ्घन गर्ने १ सय १९ सवारीलाई हेटैंडामा नियन्त्रणमा लिइएको छ ।
प्रहरीले हेटौंडा बजारका विभिन्न क्षेत्रबाट वैशाख २१ गते १ सय १७ ओटा मोटरसाइकल र दुई ओटा कार नियन्त्रणमा लिएको जनाएको छ । पछिल्लो समयमा बिहानको समयमा हेटौंडा बजारमा सवारी चलाउने क्रम बढेको छ । विभिन्न बहानामा बजारमा निस्कने क्रम बढेपछि प्रहरीले पनि जाँचलाई कडाई गरेको छ ।
हेटौंडा उपमहानगरपालिकाको मूल गेटमा अटोमेटिक सेनिटाइज मेसिन राखिएको छ । अब उपमहानगरपालिका प्रवेश गर्दा सेवाग्राही र कर्मचारीलाई सेनिटइज गरेर मात्र उपमहानगरपालिका भित्र प्रवेश गर्न पाइने भएको छ ।
उपमहानगरपालिकाले १ लाख ६० हजार रुपियाँ लागतमा मिसेन खरिद गरिएको हो । यसमा एक पटकमा चार जनालाई सेनेटाईज गर्न सकिने भए पनि भौतिक दुरी कायम गरिने भएको छ ।
नेपाल युवा उद्यमी मञ्च चितवनले उत्पादन गरिएका मेसिनको २ सय लिटर क्षमता रहेको र २ हजार जनालाई सेनेटाईज गर्न सकिने छ ।.
प्लान नेपाल मकवानपुरले स्वास्थ्य कार्यालय मकवानपुर मार्फत हेटौंडा उपमहानगरपालिकालाई स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेको छ । हेटौंडाका १९ ओटै वडामा खोप कार्यक्रम सञ्चालन गर्नका लागि स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराएको हो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार वैशाख २१ गते आमाछोदिङमो गाउँपालिकाको क्वारेण्टाइनमा बसेको ७१ जना आठ दिनमा होम क्वारेन्टाइनमा बस्ने गरि घर गएका छन् । अब त्यहाँ साङजेन जलविद्युत कम्पनीमा कार्यरत बाहिरबाट आएका ६ जना मजदुर मात्र क्वारेण्टाइनमा छन् ।
गोसाइकुण्ड गाउँपालिकाको टिमुरे, स्याफ्रु र धुन्चेमा रहेको क्वारेन्टाइनबाट सबै जना वैशाख २१ गते घर गएका छन् । अब कालिका, उत्तरगया र नौकुण्डमा रहेको क्वारेण्टाइनमा कोहि पनि छैनन् । आमाछादिङमो गाउँपालिकामा रहेका स्वास्थ्यकर्मी र सुरक्षाकर्मी गरी थप २० जनाको र्‍यापीड टेष्ट गरिएको छ । सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयले जनाएको छ ।
**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**